# पत्रकारको सुरक्षा : कसको दायित्व ?

*विनयकुमार कसजू*

*सत्य संप्रेषण गर्ने प्रतिवद्धताको कारणले जब एक जना पत्रकार हिंसा, धम्की वा गैरकानुनी थुनाको शिकार हुन्छ तब सारा नागरिकहरू अभिव्यक्ति स्वतन्त्रताको अधिकारबाट बंचित हुन्छन् र आफ्नो अन्तर्विवेकअनुसार काम गर्न थाल्छन् ..... । हामीले दण्डहीनताको विरुद्ध युद्ध थाल्नैपर्छ । –*
कोइचिरो मात्सुहारा, युनेस्कोका महानिर्देशक

पत्रकारहरूको सुरक्षालाई लिएर नेपालमा पत्रकारहरू अहिले आन्दोलित छन् । विगत दश वर्षे आन्तरिक द्वन्द्वकालमा पनि पत्रकारहरू हत्या र हिंसाको सिकार नभएका होइनन् । तर अहिले नेपालमा चलिरहेको राजनीतिक संक्रमण र खास गरी तराइ र पूर्वी पहाडको आन्दोलनले पत्रकारहरूको सुरक्षामाथि थप र बेग्लै खालको हाँक आइलागेको छ । उहिले द्वन्द्वका दुई पक्ष थिए भने अहिले धेरै पक्ष छन् । उनीहरूको हतियार र शैली पनि भिन्न छ । द्वन्द्वका कारक विषयहरू जाति, क्षेत्र, भाषा, धर्म, लिंग आदि विविध छन् । द्वन्द्वका पक्षधरहरूको राजनीतिक विचार वा सैद्धान्तिक स्पष्टता छैन । पत्रकारहरू लेखनको आधारमा मात्रै होइन अनुहार र रंगको अधारमा पनि कार्वाहीमा पर्ने खतरा छ । यी सबै कारणले गर्दा पत्रकारहरूलाई काम गर्न गाह्रो हुँदै गइरहेको छ । साथै खतरा पपनि बढिरहेको छ ।

दश वर्षे द्वन्द्व कालमा पत्रकारको सुरक्षाका लागि भएका सुरक्षा र प्राथमिक उपचारका तालिम, द्वन्द्वपत्रकारिता तालिम साथै पत्रकारको जीवन र दुर्घटना बीमाजस्ता प्रयासहरूमध्ये कतिपय विषयहरू अहिले असान्दर्भिक भएका छन् । थप र नयाँ विषय आएका छन् । यसैले नयाँ प्रयासको आवश्यकता छ । विश्वका कतिपय द्वन्द्वग्रस्त क्षेत्रमा पनि पत्रकारहरूको सुरक्षाका लागि नयाँनयाँ प्रयासहरू भएका छन् जसबाट नेपालले सिक्न सक्छ । संविधान निर्माण लगायत नेपालको संक्रमणकालीन अवस्थालाई विचार गर्दा पत्रकारहरूको सुरक्षाका लागि निरन्तर चल्ने दीर्घकालीन उपायको आवश्यता देखिन्छ ।

विश्वका विभिन्न देशमा पत्रकारमाथि खतरा बढिरहेको सन्दर्भमा केही अन्तर्राष्ट्रिय संस्थाहरूले पत्रकार किन खतरामा पर्छन् र उनीहरूको सुरक्षाको लागि के कस्तो उपाय गर्नुपर्छ भन्ने विषयमा निरन्तर अध्ययन अनुसन्धान गरिरहेका छन् । अध्ययन अनुसन्धानको आधारमा सरकार, पत्रकार स्वयं, मिडिया हाउस र आम नागरिकको दायित्वको बारेमा सिफारिस गर्ने गरेका छन् ।

पत्रकारहरूको सुरक्षाको लागि कार्यरत इन्टरनेसनल न्युज सेफ्टी सेन्टर नामक संस्थाले पत्रकारको सुरक्षाका विषयमा विश्वव्यापी अध्ययन गरेर प्रकाशित गरेको रिपोर्ट “किलिङ्ग द मेसेन्जर” मा संयुक्त राष्टसंघ, विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय निकाय, राष्ट्रिय सरकार, सेना र सुरक्षा निकायहरू, समाचार प्रकाशन प्रसारण गर्ने संस्थाहरू, पत्रकारहरूलाई उनीहरूको दायित्वबारे समेत सचेत गराएको छ । (यो रिपोर्ट WWW.cmr.org.np मा हेर्न/डाउनलोड गर्न सकिन्छ ।) सन् २००७ मार्चमा प्रकाशित सो रिपोर्टको सार खण्डमा पत्रकारहरूको असुरक्षाका केही कारणहरू यसरी उल्लेख गरिएको छ :

**तटस्थता** : पत्रकारहरू तटस्थ पर्यवेक्षक (न्युट्रल अब्जर्वर) हुन्छन् भन्ने मान्यता बिलाएको छ । अन्तर्राष्ट्रिय द्वन्द्वबारे रिपोर्टिङ गर्ने पत्रकारहरूलाई कुनै देशका पक्षधरको रूपमा चिन्ने र “कि हाम्रो पक्षमा कि हाम्रो विरोधमा” भन्ने दृष्टिले हेर्ने प्रवृत्ति बढेको छ ।

**दण्डहीनता :** पत्रकारहरू मारिँदा खुला छानबिन विरलै हुन्छ र अपराधीलाई न्यायको कठघरामा उभ्याउने काम नगन्य मात्रामा हुन्छ । यसले केही देशलाई दण्डहीनताको संस्कृतितिर डोर्‍याएको छ ।

**मिडिया र सेना :** द्वन्द्व रिपोर्टिङ गर्ने सवालमा सेना र मिडिया, दुबै पक्षमा कार्यनीतिक आवश्यकताहरू र सीमाहरूका बारेमा समझदारीको अभाव छ । यससम्बन्धमा असल अभ्यासका लागि अन्तर्राष्ट्रिय आचार/नियमको आवश्यकता छ ।

**मिडिया मालिक :** अधिकांश मिडिया हाउसहरूले पर्याप्त तालिम बिना नै पत्रकारहरूलाई खतरायुक्त क्षेत्रमा रिपोर्टिङ गर्न लगाउँछन् ।

**पत्रकारिताको स्तरीयता :** पत्रकारहरूले आफू र आफ्ना सहकर्मीप्रति उच्चतम स्तरको व्यावसायिक र नैतिक आचार पालन गर्नुपर्ने दायित्व हुन्छ । यदि पत्रकारले यो दायित्व पालन गरेनन् भने अरूले उनीहरूको बारे चासो लिने, सुरक्षा दिने र समर्थन गर्ने कुराको अपेक्षा गर्न सकिन्न ।

माथिका कुराको आधारमा उक्त संस्थाले सरकारहरूलाई संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदले पारित गरेको प्रस्ताव संख्या १७३८ लाई पालन गर्दै पत्रकारहरू र मिडिया कर्मचारीहरूमाथि हुने आक्रमणलाई अन्त्य गर्न आग्रह गरेको छ । साथै विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता अन्तर्राष्ट्रिय विकास संस्थाहरूलाई सरकारलाई सहयोग गर्दा उक्त प्रस्ताव लागू गराउन शर्त राख्न लगाउन अनुरोध गरेको छ । संस्थाले गरेका अनुरोधका, नेपालसँग सान्दर्भिक, केही बुँदा यसप्रकार छन् :

**राज्यको दायित्व :** पत्रकारहरूको हत्या हिंसाको न्यायिक छानबिन गर्नैपर्छ । अपराधीहरूले सजाय पाउनै पर्छ । यसो भएन भने जनताले के पढ्ने र के हेर्ने भन्ने कुराको निर्णय गर्ने काम सरकारले अपराधीहरूको हातमा सुम्पेको मान्नुपर्छ । स्वतन्त्र र आत्मनिर्भर मिडिया गरिवी उन्मूलनको महत्वपूर्ण औजार हो । मिडिया तालिमहरूमा सुरक्षाका विषयलाई समावेश गर्नु पर्छ ।

**सेना र सुरक्षा निकायको दायित्व :** द्वन्द्वग्रस्त क्षेत्रमा उपस्थित भएर काम गर्न पाउनु पत्रकारहरूको अधिकार हो भन्ने कुरा सेना र सुरक्षा निकायहरूले स्वीकार गर्नु पर्छ । पत्रकारहरू द्वन्द्वग्रस्त क्षेत्रमा परिचयपत्र लिएर वा द्वन्द्वमा संलग्न कुनै पक्षसँग सामेल भएर (embedded) जान सक्छन् भन्ने कुरालाई सेना र सुरक्षा निकायले मान्यता दिनु पर्छ । बेलायती रक्षा मन्त्रालयले सन् २००६ मा तयार पारेको "ग्रीन बुक" मा मिडिया र सेनाले युद्धको बेलामा कसरी काम गर्नु पर्छ भन्ने मार्ग निर्देशिका छ । त्यसमा पहिलो पटक पत्रकारहरूको सुरक्षा र युद्ध क्षेत्रमा सम्वाददाताहरू स्वतन्त्रतापूर्वक काम गर्न पाउने कुरालाई मान्यता दिइएको छ । बेलायती सेनाले पत्रकार र नागरिक-संचालित मिडियाका संरचना, साधन, सेवा आदिलाई जानीजानी, नियतवश लक्ष्यित गर्ने छैन भनिएको छ । अरू सेना र सुरक्षा निकायले त्यसलाई पालन गर्नु बेस हुन्छ । सुरक्षा निकायहरूले संचालन गर्ने आधारभूत तालिमहरूमा मिडियाले कसरी काम गर्छ भनी बुझाउनु पर्छ । विपक्षीको समाचार दिँदैमा कुनै पत्रकार वा मिडिया शत्रु पक्षको हुँदैनन भन्ने कुरा सुरक्षा निकायका सबै तहका कर्मचारीले थाहा पाउनु पर्छ ।

**समाचार संस्थाको दायित्व :** सबै समाचार संस्थाहरूले सुरक्षाका नियमहरू र व्यावसायिक आचार संहिता पालन गर्नु पर्छ तथा समाचार संकलन गर्ने सबै कर्मचारी, पत्रकार र मिडिया स्टाफको हेरबिचार/संरक्षण गर्नु उनीहरूलाई काममा लगाउने संस्थाको कर्तव्य हो भनी स्वीकार्नु पर्छ । शान्ति र द्वन्द्व दुबै समयमा उपयुक्त सुरक्षा तालिम र आवश्यक सामग्री दिनु मिडिया संस्थाको जिम्मेवारी हो । पत्रकारले अपराध, भ्रष्टाचार, दैवी प्रकोप, विरोध प्रदर्शन जस्ता विषयमा रिपोर्टिङ गर्दा पनि मिडिया संस्थाहरूले तालिमलगायत सुरक्षासम्बन्धी उपायहरू कायम राख्नु पर्छ ।

आफ्ना संवाददाताहरूले काम गर्ने खतरनाक परिस्थितिबारे सम्पादक र व्यवस्थापकहरूले थाहा पाउनु पर्छ तथा शत्रुतापूर्ण परिस्थिति र अन्य खतराबाट सचेत गराउने तालिमका प्रावधानहरूका बारेमा जान्नु पर्छ । आफ्नो कर्तव्य पालन गर्दा मानसिक आघात (trauma) मा परेका पत्रकारलाई नियति रूपमा परामर्श, उपचारको व्यवस्था गर्नु पर्छ ।

**पत्रकारको दायित्व** : पत्रकारहरूको सुरक्षाका लागि पत्रकार आफ्नै पनि विशेष दायित्व हुन्छ । पत्रकारहरूको पहिलो कर्तव्य आफ्नो सुरक्षा हो । पत्रकारिताको काम खतरामुक्त हुँदैन र खतरा द्वन्द्वबाट मात्र आउँदैन । पत्रकारको सुरक्षाको लागि सेना र सरकारका साथै पत्रकार आफ्नै पनि जिम्मेवारी हुन्छ । सेना वा प्रहरी पत्रकारको सुरक्षाका लागि सबै ठाउँमा उपस्थित हुन सक्तैन । पत्रकारिताका मूल्यमान्यताप्रति इमान्दर हुँदै, स्वतन्त्र पत्रकारिता गर्दै आफूले आफैलाई सघाउनु पर्छ ।

शत्रुतापूर्ण परिस्थितिमा काम गर्दा पत्रकारहरूले एकअर्कालाई सघाउनु पर्छ । जीवन नै खतरामा परेको बेलामा प्रतिस्पर्धाका कुराहरूलाई थाती राख्नु पर्छ । आफ्ना सहकर्मीहरूमाथि भएका शारीकि आक्रमणका घटनाहरूको भिडियो र फोटो खिच्नु पर्छ । कुनै छानबिन भयो भने प्रमाणको रूपमा देखाउन र प्रचारका लागि यो आवश्यक हुन्छ ।

समाचार माध्यमका सबै कर्मचारीहरू (मिडिया स्टाफ) ले द्वन्द्वग्रस्त क्षेत्रमा जानुभन्दा पहिले शत्रुतापूर्ण परिस्थितिमा काम गर्ने व्यावसायिक प्रशिक्षण लिनु पर्छ र त्यस्ता ठाउँमा काम गर्दा तालिममा सिकेका कुरा पालन गर्नु पर्छ । उपयुक्त र पर्याप्त तालिम र तयारी बिना कोही पनि पत्रकार द्वन्द्वग्रस्त क्षेत्रमा जानु वा काम गर्नु हुँदैन ।

पत्रकारको सुरक्षाका लागि सबैभन्दा महत्वपूर्ण तत्व जनताको समर्थन र सहयोग नै हो । पत्रकारमाथि हुने हत्या, हिंसा विरुद्ध अभियान चलाउन समाजको सहयोग र समर्थन नभई हुँदैन । तर नागरिक समाजको सहयोग र समर्थन पाउनका लागि पत्रकारहरूको कामको महत्वबारे जनताले बुझ्नु जरुरी हुन्छ । जनताको मन नजितेसम्म पत्रकारको सुरक्षा सँधै खतरामा पर्न सक्छ । जनताको मन जित्नका लागि न्युयोर्क टाइम्सका विदेशमामलाका उप-सम्पादक इथान ब्रोनरले "पत्रकारहरूको सुरक्षाका उपाय पत्ता लगाउने" बारे भएको छलफलमा भनेको कुरा निक्कै उपयोगी छ :

"पत्रकारहरूले आफ्नो कामको गुणस्तर बढाएर आफ्नो कुरा स्पष्ट गर्नु पर्छ । हामीले आफ्नो कामबाट आफूलाई त्यो स्तरमा पुर्‍याउनु पर्छ जहाँ हामी अनतिक्रम्य बन्न सकौं । पत्रकारहरू आफ्नो कामको मर्यादाबाट समाजले उच्चतम स्थान राखेर हेर्ने अवस्थामा पुग्नु पर्छ ।" एक जना ल्याटिन अमेरिकी पत्रकारले पनि यस्तै कुरा भनेका छन्, "म के कुरामा दृढ विश्वास गर्छु भने पत्रकारहरूले अपनाउन सक्ने सबैभन्दा उत्तम व्यक्तिगत सुरक्षा उपाय इमान्दार, वस्तुनिष्ठ, नैतिक रूपले जिम्मेवार र वास्तवमै स्वतन्त्र/अत्मनिर्भर (independent) बन्नु हो ।"

February 2, 2009

अन्नपूर्ण पोष्ट दैनिक, २०६५ माघ २२ गते बुधबार (February 4, 2009) प्रकाशित ।